पाँचखपन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वाना, संखुवासभा

## ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी उत्खनन, संकलन र निकासी कार्यको शिलवन्दी बोलपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मिति :- २०७५/०७/२८)**

यस कार्यालयबाट आ.व. ०७५/०७६ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को १ को (च) र दफा ११ को घ को (६) वमोजिम ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी जस्ता प्राकृतिक श्रोत मा प्रदेश सरकारले निर्धारण गरेको करको दर अनुसार पाचखपन नगर कार्यपालिकाको मिति २०७५/०७/१४ गतेको निर्णयानुसार देहायमा उल्लेखित खोलावाट ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी आदि उत्खनन, संकलन र निकासी शुल्क अशुली सम्बन्धी आ.व. ०७५/०७६ को वाँकी अवधि (२०७६ जेष्ठ मसान्त सम्म) का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकासित गरिएको छ । सूचना प्रथम पटक प्रकाशित भएको मितिले २० दिन भित्र वोलपत्र फारम खरीद गरी २१ औं दिनको मध्यान्न १२:०० वजे सम्म देहायको सर्तवन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । शुल्क अशुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन तथा निकासी सम्बन्धी थप शर्तहरु बोलपत्र फारम साथ उपलब्ध गराईने छ । शिलबन्दी बोलपत्र फारम साथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तह मा व्यवसाय दर्ता गरेको नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित निकाय मा फर्म दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी र आ.व. ०७४/०७५ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ । साथै दररेट सम्बन्धी विवरण, ठेक्का सम्बन्धी थप जानकारी तथा शर्तबन्देजहरुको सन्दर्भमा यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र लिन सकिनेछ ।

| ठेक्का संकेत नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर रु. | निकासी गर्न सकिने परिमाण | न्यूनतम अंक ( मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| ०१/०७५ /०७६ | पाँचखपन नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन बमोजिमका सभाखोला तथा हेवा खोलाको नाकाहरुबाट ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी आदि उत्खनन, संकलन र निकासी सम्वन्धी कर असुली कार्य | २,०००।- | ३०,००० घ.मि. | १०,००,०००।- |

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :

१. बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी र आ.व. ०७४/०७५ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. धरौटी बापत आफुले कबोल गरको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री नेपाल बंगलादेश बैक पाँचखपन शाखाको धरौटी खाता नं. ९५९०१००२२१ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको क वर्गको बैंकद्धारा यस नगरपालिकाको नाममा जारी गरिएको बोलपत्र फारम बुझाउने अन्तिम दिनबाट कम्तीमा १२० दिनसम्म म्याद भएको बैक ग्यारेन्टी (Bid Bond) सक्कलै पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दर्ता भएको बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।

६. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

७. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

८. बोलपत्र स्वीकृत भई सोको जाकारी प्राप्त भएको ७ दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौत गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेलाई दिने प्रकृया नियमानुसार कारबाही अगाडि बढाइनेछ ।

९. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मू.अ.क. समेत बुझाउनु पर्नेछ ।

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

११. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहनेले मू.अ.क. को रकम सहित एकमुष्ट बुझाउदा कबोल अंकमा मू.अ.क. को रकम घटाई बांकी रकममा ५ प्रतिशत छुट दिइनेछ ।

१२. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

१३. किस्ता वन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैंकबाट जारी भएको घटीमा १५ महिना अवधि भएको परफरमेन्स वोण्ड बुझाई ठेक्का रकम ३ किस्तामा बुझाउन सकिनेछ ।

१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानुन अनुसार जरिवाना गरिने र जेठ मसान्तभित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट उठाइएको पाइएमा नियमानुसार कानूनी कारवाही गरिनेछ ।साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

१६. ठेक्का स्वीकृत हुने ठेकेदारले ढुङ्गा, गिटी, बालुवा, मिसगिट्टी आदि निकासी गर्न पाउने नाका, परिमाण र समय IEE प्रतिवेदन अनुसार देहाय बमोजिम हुनेछ :

प्रमुख प्रशासकिय अधिकृत

| उत्खनन क्षेत्र | नदि वा खोला | निकासी गरिने वस्तु | ठेगाना |
|---|---|---|---|
| पाँचखपन नगरपालिका | हेवा खोलाको दाया तर्फ बाटो तल र माथी | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी | |
| रिठ्ठे कटहरे | सभा खोला | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी | |
| पांठा दोभान (बन्दुके) | सभा खोला (वाँया किनार) | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी | |
| वडरेनी पुल भएको ठाँउ | सभा खोला (वाँया किनार) | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी | |
| आइतबारे देविथान पाखा | सभा खोला (वायाँ किनार) | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी | |
| सभाखोला पुल भन्दा ५०० मि माथी | सभा खोला (वायाँ किनार) | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी | |

उक्त सभा खोला र हेवाखोलावाट ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी आदि देहाय वमोजिम तोकिएको स्थान र परिमाणमा उत्खनन/संकलन गर्न पाईनेछ ।

क) सभा खोला : २० हजार घन मि.

ख) हेवा खोला : १० हजार घन मि.

१७. उत्खनन/संकलन (प्रति घन मि.)

क) ढुङ्गा, गिटी, वालुवा रु.३३.३४।-(तेत्तिस रुपैया चौतिस पैसा मात्र)

निकासी (प्रति घन मि.)

क) ढुङ्गा, गिटी, वालुवा रु.३३.३४।-(तेत्तिस रुपैया चौतिस पैसा मात्र)

१८. IEE प्रतिवेदन यस ठेक्काको अभिन्न अंगको रुपमा मानिनेछ ।

१९. सम्वन्धित कर संकलनका लागि नगरपालिकाले तोकिएको स्थानहरु वा नाका वाहेक अन्य स्थानहरुबाट ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख उत्खनन/संकलन तथा निकासी वा त्यसको शुल्क उठाउन पाइने छैन ।

२०. तोकिएको नाका र परिमाणभन्दा वढी उत्खनन/संकलन गरी विक्री गरेमा सोबाट हुने हानी नोक्सानी सवै ठेकेदारबाट भराइने छ ।

२१. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२२. बोलपत्र धरौटी बापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधि भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

२३. यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै वखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्ने पर्नेछ ।

२४. तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षवीच आपसी छलफलद्वारा समाधान गरिने छ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२५. बोलपत्र फाराममा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिइने छैन ।

नि. प्रमुख प्रशासकिय अधिकृत

२७. कुनै एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

२८. ढुङ्गा, गिटी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख जस्ता पदार्थहरु नदीबाट उत्खनन गर्दा प्रचलित कानुन तथा कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक बहावलाई प्रतिकुल असर नहुने गरी नदीको Channeling गरेर मात्र उत्खनन गर्नुपर्ने छ ।

२९. ढुङ्गा, गिटी, बालुवा, मिसगिट्टी आदि निकाल्दा अर्काको घरजग्गा, कुलो , बांध , बाटो आदि क्षति हुनेगरी निकाल्न पाइने छैन ।

३०. यस ठेक्काको लागि सम्झौता अवधि २०७६ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

३१. बोलपत्र फाराम साथ पेश-गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।

३२. बोलपत्र फाराममा कबोल गरेको अंक बापतको रकम यस नगरपालिकालाई बुझाउदा चेक मार्फत कारोबार गर्न पाइने छैन । कार्यालयले उपलब्ध गराएको बैक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

३३. गत विगत बर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बांकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

३४. पेश भएका शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिती नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३५. बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमशः त्यसपछि कार्यालय खुलेको पहिलो दिन हुनेछन् ।

३६. बोलपत्र फाराम खरिद गर्ने फर्म वा कम्पनीले ठेक्कामा कबोल गरेको रकमको २.५ प्रतिशत रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर बुझाएपछि मात्र फाराम उपलब्ध गराइने छ र टेण्डर परिसकेपछि सम्झौता अगावै पुनः २.५ प्रतिशत रकम सोही खातामा जम्मा गरी सोको सक्कलै भौचर नगरपालिकामा पेश गर्नुपर्ने छ ।

राम बहादुर श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७५/०७६ को लागि निर्धारण ढुंगा,गिट्टी,वालुवा आन्तरीक विकी एंव घाटगद्दी (स्वीकृत खानी क्षेत्र वाहेक) परिमाण (घन मिटरमा) | आ.व. ०७५/०७६ को लागि निर्धारण ढुंगा,वालुवा, वाहिर निकासी परिमाण (घनफिट) | ढुंगा, टिट्टी,वालुवा आन्तरीक विकी एंव घाटगद्दी (स्वीकृत खानी क्षेत्र वाहेक) शुल्क प्रति घन मिटर रु. | | ढुंगा,गिट्टी,वालुवा, नगर क्षेत्र वाहिर निकासी शुल्क प्रति घन मिटर रु. | | ढुंगा,गिट्टी,वालुला,स्लेट,ग्राभेल र रोडा आन्तरीकविकीएंव घाटगद्दि (स्वीकृत खानी क्षेत्र वाहेक) को संकलनशुल्क रु. ..र निकासीशुल्क रु. ...गरी जम्माप्रति घनफिट रु. ...का दरले हुने न्यूनतम अंक | ढुंगा,गिट्टी,वालुवा, नगर क्षेत्र भित्र निकासी करको संकलन शुल्क रु. ..र निकासीशुल्क रु. ..गरी जम्माप्रति घनफिट रु. ..का दरले हुने न्यूनतम अंक | कुलन्यूनतम अंक (कर तथा भ्याट वाहेक) | वोलपत्र दरभाउपत्रदस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संकलन शुल्क | निकासी शुल्क | संकलन शुल्क | निकासी शुल्क | | | | | |
| १/०७५/०७६ | ढुङ्गा, गिटी, वालुवा, मिसगिट्टी उत्खनन, संकलन र निकासी | ३०,००,००० | | ३३.३४ | ३३.३४ | ३३.३४ | ३३.३४ | | | | २००० | २.५ % फारम भर्नु अगाडि र २.५% सम्झौता गर्नु अगाडि |

(श्याम प्रसाद श्रेष्ठ)
प्रमुख प्रशासकिय अधिकृत